**आकाशवाणी समाचार- नेपाली**

मितिः २४ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्स मार्फत १८ औं रोजगार मेलामा विभिन्न सरकारी विभाग र संस्थाहरूमा नवनियुक्त ६१ हजारभन्दा बढी युवाहरूलाई नियुक्ति पत्र प्रदान गर्नु हुनेछ।

- केन्द्रीय गृह तथा सहकारीता मन्त्री अमित शाह आज लखनऊमा उत्तर प्रदेश दिवस समारोहमा प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुनेछ ।

- चौथो भारत ऊर्जा सप्ताह २७ जनवरीदेखि ३० जनवरीसम्म गोवामा आयोजना हुनेछ।

- उत्तर पूर्वी क्षेत्र विकास मन्त्री ज्योतिरादित्य सिन्धियाले हिजो त्रिपुरामा ३६५ करोड रुपियाँ बराबरका आठ परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नु भयो।

- हिजो रायपुरमा भएको टी-२० क्रिकेट शृङ्खलाको दोस्रो म्याचमा भारतले न्युजिल्याण्डलाई सात विकेटले पराजित गरेको छ,यो जीतसँगै भारतले श्रृंखलामा 2-0 को अग्रता हासिल गरेको छ।

**प्रधानमन्त्री रोजगार मेला**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्स मार्फत १८ औं रोजगार मेलामा विभिन्न सरकारी विभाग र संस्थाहरूमा नवनियुक्त ६१ हजारभन्दा बढी युवाहरूलाई नियुक्ति पत्र प्रदान गर्नु हुनेछ। यस अवसरमा उहाँले युवाहरूलाई सम्बोधन पनि गर्नुहुनेछ। १८ औं रोजगार मेला देशभरका ४५ स्थानमा आयोजना हुँदैछ। यी युवाहरूलाई गृह मन्त्रालय, स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालय, वित्तीय सेवा विभाग, उच्च शिक्षा विभाग र अन्य विभागहरूमा भर्ना गरिनेछ। रोजगारी सिर्जनाको लागि सरकारको प्रमुख पहल रहेको रोजगार मेलामा हालसम्म देशभर ११ लाख भन्दा बढी नियुक्ति पत्र जारी गरिएको छ।

**शाह-उत्तर प्रदेश दिवस**

केन्द्रीय गृह तथा सहकारीता मन्त्री अमित शाह आज लखनऊमा उत्तर प्रदेश दिवस समारोहमा प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुनेछ अनि समारोहलाई सम्बोधन पनि गर्नुहुनेछ। यो कार्यक्रम राष्ट्रिय प्रेरणा स्थलमा आयोजना हुँदैछ। यस अवसरमा, श्री शाहले एक जिल्ला एक भोजन योजनाको सुरुवात गर्नुहुनेछ। यो पहलले राज्यको प्रत्येक जिल्लाबाट परम्परागत व्यञ्जनहरू पहिचान गर्नेछ र गुणस्तर वृद्धि, ब्रान्डिङ र बजार पहुँच प्रदान गर्नेछ। यसको उद्देश्य स्थानीय व्यञ्जनहरूलाई क्षेत्रीय क्षेत्रमा सीमित गर्नुको सट्टा राष्ट्रिय र विश्वव्यापी मान्यता प्रदान गर्नु हो। गृहमन्त्रीले कार्यक्रमको क्रममा सरदार पटेल औद्योगिक क्षेत्र कार्यक्रमको पनि सुरुवात गर्नुहुनेछ। उहाँले उत्तर प्रदेश सरकारको मुख्यमन्त्री युवा उद्यमी विकास योजना अन्तर्गत उत्कृष्टता हासिल गरेका जिल्लाहरूलाई पुरस्कार प्रदान गर्नुहुनेछ। उहाँले यस अवसरमा उत्तर प्रदेश गौरव सम्मान २०२५-२६ पनि प्रदान गर्नुहुनेछ।

**प्रगति**

प्रधानमन्त्री नरेन्द्र मोदीको सक्रिय शासन र समयमै कार्यान्वयनको लागि प्रमुख पहल, प्रगतिले आफ्नो ५० औं बैठकसँगै एक प्रमुख उपलब्धि हासिल गरेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले २०१५ मा यो प्लेटफर्मको सुरुवात गर्नु भएको थियो। प्रधानमन्त्रीको प्रत्यक्ष समीक्षा मार्फत, प्रगतिले प्रमुख परियोजनाहरू र सार्वजनिक गुनासोहरूको वास्तविक-समय अनुगमन र समाधान सुनिश्चित गरेर शासनमा उल्लेखनीय परिवर्तन ल्याएको छ। यो प्लेटफर्म सहकारी संघीयताको एक प्रमुख उदाहरण हो, जसले केन्द्र, राज्य र केन्द्रीय मन्त्रालयहरूलाई एउटै डिजिटल प्लेटफर्ममा एकसाथ ल्याउँछ। एक दशकभन्दा बढी समयदेखि, प्रगतिले निर्णय लिने प्रक्रियालाई तीव्र बनाउन, प्रमुख पूर्वाधार परियोजनाहरूमा ढिलाइका कारणहरूलाई सम्बोधन गर्न र बलियो जवाफदेहिता संयन्त्रहरूलाई बढावा दिन मद्दत गरेको छ। यस विशेष शृङ्खलामा, आज छत्तीसगढको राष्ट्रिय राजमार्ग ३० को रायपुर-कोडेबोड खण्डको चार-लेनको बारेमा सुन्नुपोस् हाम्रो संवाददातको एक रिपोर्ट।

वाईट

**भारत ऊर्जा सप्ताह**

चौथो भारत ऊर्जा सप्ताह २७ जनवरीदेखि ३० जनवरीसम्म गोवामा आयोजना हुनेछ। पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले हिजो साँझ नयाँ दिल्लीमा आयोजित पत्रकार सम्मेलनमा भारत ऊर्जा सप्ताह २०२६ ले ऊर्जा सुरक्षा, आर्थिक वृद्धि र दिगोपनप्रति देशको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने बताउनु भयो। उहाँले चार दिवसीय कार्यक्रमले भारतलाई एक प्रमुख विश्वव्यापी ऊर्जा केन्द्र र विश्वव्यापी ऊर्जा संक्रमणमा एक विश्वसनीय सहभागीको रूपमा स्थापित गर्ने बताउनु भएको छ। श्री पुरीले भन्नु भयो, भारत ऊर्जा सप्ताह पहल यसको स्थापनादेखि नै उल्लेखनीय रूपमा बढेको छ। यसले केवल चार वर्षमा विश्वव्यापी ऊर्जा क्यालेन्डरमा एक अद्वितीय स्थान हासिल गरेको छ।

**सरकार - पीएलआई**

सरकारले उत्पादन-आधारित प्रोत्साहन (PLI) योजनाको चौथो चरणमा व्हाइट गुड्स अर्थात वाशिंग मशीन, रेफ्रिजरेटर, डिश-वशर अनि एयर कंडीशनर जस्ता घरायसी उपकरणहरूको लागि पाँच कम्पनीहरू छनोट गरेको छ। यी कम्पनीहरूले ८६३ करोड रूपियाँको लगानी गर्ने प्रतिबद्धता जनाएका छन्। वाणिज्य तथा उद्योग मन्त्रालयले यी कम्पनीहरूले एयर कन्डिसनरका कम्पोनेन्टहरू उत्पादन गर्ने बताएको छ। वित्त वर्ष २०२७-२८ सम्ममा, उनीहरूले ८ हजार ३०० करोडभन्दा बढीको कुल उत्पादन सिर्जना गर्ने र १ हजार ७९९ थप प्रत्यक्ष रोजगारी सिर्जना गर्ने अपेक्षा गरिएको छ। प्राप्त १३ आवेदनहरूको मूल्याङ्कन गरेपछि यी पाँच कम्पनीहरूलाई अस्थायी रूपमा छनोट गरिएको मन्त्रालयले जनाएको छ।

**निर्वाचन आयोग-एसआईआर**

निर्वाचन आयोगले सबै राज्य र केन्द्र शासित प्रदेशका मुख्य निर्वाचन अधिकारीहरूलाई कुनै पनि त्रुटिको लागि बुथ स्तरका अधिकारीहरू विरुद्ध अनुशासनात्मक कारबाही गर्न निर्देशन दिएको छ। निर्वाचन आयोगले भनेको छ,कर्तव्य पालनामा लापरवाही,आयोगको निर्देशनहरूको जानाजानी पालना नगर्ने, वा जनप्रतिनिधित्व ऐन, १९५० र मतदाता दर्ता नियम, १९६० को प्रावधानहरूको उल्लङ्घन गरेमा निलम्बन सहित कडा कारबाही हुनेछ। पत्रमा थप भनिएको छ,मतदाता सूचीको प्रामाणिकता वा विश्वसनीयतालाई असर गर्ने बीएलओ द्वारा गरिएको कुनै पनि त्रुटिलाई कडाइका साथ व्यवहार गरिनेछ। आपराधिक दुर्व्यवहारको लागि एफआईआर पनि दर्ता गर्न सकिन्छ। यसैबीच पश्चिम बंगालमा मतदाता सूचीको जारी विशेष गहन पुनरीक्षणमा, मुख्य निर्वाचन अधिकारीको कार्यालयले सबै जिल्ला प्रशासनहरूलाई संशोधनको क्रममा कुनै पनि कानून र व्यवस्थामा खलल पुगेमा तत्काल एफआईआर दर्ता गर्न निर्देशन दिएको छ। निर्देशनमा भनिएको छ आवश्यक परेमा, एसआईआर-सम्बन्धित सुनुवाइहरू अनिश्चित कालका लागि स्थगित गर्न सकिन्छ। सर्वोच्च अदालतको जनवरी १९ को आदेशको प्रकाशमा यी निर्देशनहरू जारी गरिएको हो। सबै जिल्ला निर्वाचन अधिकारीहरूलाई लेखिएको पत्रमा, मुख्य निर्वाचन अधिकारीको कार्यालयले चुनाव अधिकारीहरूमाथि तोडफोड, धम्की वा आक्रमणको कुनै पनि घटना तुरुन्तै स्थानीय प्रहरी चौकीमा रिपोर्ट गर्नुपर्ने बताएको छ। यी उजुरीहरूको प्रतिलिपि पुलिस अधीक्षक र जिल्ला निर्वाचन अधिकारीको कार्यालयमा पनि पठाउनुपर्नेछ।

**सिंधिया-त्रिपुरा**

उत्तर पूर्वी क्षेत्र विकास मन्त्री ज्योतिरादित्य सिन्धियाले हिजो त्रिपुरामा ३६५ करोड रुपियाँ बराबरका आठ परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नु भयो। यी परियोजनाहरूमा २७० करोड रुपियाँ बराबरका पाँच विकास परियोजनाहरूको उद्घाटन र ९५ करोड रुपियाँ बराबरका तीन परियोजनाहरूको शिलान्यास समावेश थियो। यी परियोजनाहरूको उद्देश्य आदिवासी र दुर्गम क्षेत्रहरूमा सडक सम्पर्क, बिजुली पहुँच र जीविकोपार्जन सुधार गर्नु हो। श्री सिन्धियाले भन्नु भयो, यी परियोजनाहरू त्रिपुरालाई सम्पर्क सम्पन्न , प्रतिस्पर्धी र दिगो रूपमा विकसित राज्यमा रूपान्तरण गर्ने प्रयासको एक हिस्सा हुन्।

**शेख हसिना**

बंगलादेशकी पूर्व प्रधानमन्त्री शेख हसिनाले बंगलादेशले अराजकता, असुरक्षा र अल्पसंख्यकहरूको उत्पीडनको सामना गरिरहेको बताउनु भएको छ। उहाँले देशभरि हिंसा र अतिवाद व्याप्त रहेको बताउनु भएको छ। हिजो साँझ नयाँ दिल्लीमा पत्रकार सम्मेलनको क्रममा दिइएको अडियो सन्देशमा बंगलादेशकी पूर्व प्रधानमन्त्री शेख हसिनाले बंगलादेशले हाल इतिहासको सबैभन्दा खतरनाक अवधिको सामना गरिरहेको बताउनु भयो। उहाँले स्वतन्त्र र निष्पक्ष चुनाव मार्फत लोकतन्त्रको पुनर्स्थापना, हिंसा र अराजकताको अन्त्य र सार्वजनिक सेवाहरूको सहज सञ्चालनको लागि आह्वान गर्नु भयो।

**क्रिकेट**

हिजो रायपुरमा भएको टी-२० क्रिकेट शृङ्खलाको दोस्रो म्याचमा भारतले न्युजिल्याण्डलाई सात विकेटले पराजित गरेको छ। भारतले टस जितेर बलिङ गर्ने निर्णय गरेको थियो। पहिले ब्याटिङ गर्दै न्युजिल्याण्डले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर २०८ रन बनायो। जवाफमा भारतले १५ ओभर २ बलमा तीन विकेट गुमाएर २०९ रन बनाएर जितको लक्ष्य हासिल गऱ्यो। कप्तान सूर्यकुमार यादवले ३७ बलमा अविजित ८२ रन बनाए भने इशान किशनले ३२ बलमा ७६ रनको योगदान दिए। उनलाई प्लेयर अफ द म्याच घोषित गरियो। भारतले अब पाँच म्याचको शृङ्खलामा २-० को अग्रता लिएको छ। शृङ्खलाको तेस्रो म्याच आइतबार गुवाहाटीमा खेलिनेछ।